# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ

१ नं प्रदेश नेपाल

प.सं.०७७०७८

सुचना नं. ०१

## औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति: २०७७।०६।१९**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व.०७७।०७८ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी, उद्योग ,फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही तपसिल वमोजिमको दरभाउपत्र दस्तुर तिरी ( फिर्ता नहुने गरी ) स्वयं उपस्थित भई सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माता,कम्पनी,फर्म, उद्योग, सप्लायर्साहरुले मू.अ.कर दर्ता प्रमाणपत्र ,आ.व.२०७७।०७८ को लागि नवीकरण भएको प्रमाणपत्र, आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको हकमा २०७७ आन्तरिक राजश्व कार्यालयबाट म्याद थप भएको पत्रको प्रतिलिपि वा २०७६।०७७ को कर चुक्ताको प्रतिलिपि संलग्न राखी मिति २०७७।०७।०३ गते कार्यालय समयभित्र यस कार्यालयको स्वास्थ्य शाखाबाट दरभाउपत्र खरिद गरी मिति २०७७।०७।०४ गते दिनको १२ बजे भित्र शिलबन्दी दरभाउपत्रहरु प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा दर्ता गराइ सक्नु पर्नेछ । तोकिएको समय भित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र गा.पा.का प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

२) दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको एन.आई.सी.एसीया बैंक लि.पुष्पलाल चौक शाखा बिराटनगर स्थित धरौटी खाता नं.६९C५०११७५५२४००६ ग.३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि कम्तिमा ७५ दिन मान्य अवधि भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बिड बण्ड (बैंक ग्यारेन्टी) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

३) शिलबन्दी दरभाउपत्र पेश गर्दा के प्रयोजनको लागि पेश गरेको हो ठेक्का नं. फोन नं. बाहिर लेखी सही छाप गरी पेश गर्नुपर्नेछ

४) सप्लाई गरिने औषधीहरुको स्पेशीफिकेशन विड डकुमेन्टमा समावेश गरिएको छ ।

५) दर रेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ ।अक्षर र अकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिनेछ । केरमेट गरेको ठाउमा दाया बाया हस्ताक्षर नगरेकोलाई मान्यता दिइनेछैन ।

६) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधी WHO GMP मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ ।

७) खरिद गरिने औषधी तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि यस कार्यालयमा दाखिला हुदा कम्तिमा अठार महिना बाँकि रहेको हुनुपर्नेछ र १८ महिना Expary Date हुनेको हकमा प्रयोग गर्ने अवधि कम्तिमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

८) म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यालयमा आई बुझ्न सकिनेछ ।

१०) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ । एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा

# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हात्तिमुडा, मोरङ
### १ नं प्रदेश नेपाल

कम्पनीले दाखिला गर्न पाउनेछैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ ।

११)दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने कम्तिमा ४५ दिनको हुनुपर्नेछ ।

१२)आफुले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ । औषधीको प्याकिङ बाहिर औषधीको जेनेरीक नाम,शक्ति, उत्पादन मिति,एक्सपारी मिति, व्याच नं.,उत्पादक कम्पनीको नाम स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ । औषधीको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा नेपाल सरकारबाट निशुल्क वितरणको लागि वा यो औषधी विक्रीका लागि होइन भनी प्याकिङमा उल्लेख भएको हुनुपर्नेछ ।

१३) शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) , सार्वजनिक खरिद नियमावली , २०६४(संशोधन सहित) तथा नेपाल सरकारका अन्य ऐन , नियमहरु बमोजिम हुनेछ ।

तपसिल

| क. सं. | ठेक्का नं. | **कामको विवरण** | दरभाउपत्रको दस्तुर | लागत अनुमान ( भ्याट बाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-BGRM-०७७।०७८ | औषधी तथा सर्जिकल सामान खरिद | १०००। | १७१६८१४। | ४८५००। | दरभाउपत्र |

०७७।६।१८

डम्बरु बल्लभ बराल

प्रमुख प्रशासकीय अधिकृत